# गंगादेव गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सानडाँडा, रोल्पा

५ नं प्रदेश, नेपाल

**तालिम संचालन, आवधिक योजना निर्माणका लागि प्रस्ताव पेश गर्ने तथा औषधी आपुर्ति दरभाउपत्र आह्वानको सूचना**

पटक प्रकाशन मितिः२०७५/११/२५ गते

यस गाउँपालिकाको वार्षिक वजेट अनुसार तपसिलबमोजिको तालिम संचालन,गाउँपालिकाको आवधिक योजना निर्माण तथा औषधीको आपुर्ती गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त व्यक्ति/फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउ पत्र पेश गर्नुहुन सार्वजनिक सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सर्तहरु

१। यो सूचना प्रकाशित भएको मिति देखि १० (दश) औं दिनसम्म प्रस्ताव तथा दरभाउपत्र फारम यस कार्यालयममा अद्यावधिक नविकरण गरको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाणित प्रमाणपत्र, आ.व २०७४/०७५ सम्मको कर चुत्ता गरेको प्रमाणित पत्र विवरण पेश गरेको प्रमाणित प्रतिलिपी र निवेदन साथ पेश गरेपछि नियमानुसार दरभाउ पत्रको फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२। प्रस्ताव पेश गर्ने विषयको हकमा तालिम संचालन तथा आवधिक योजना निर्माणको लागि प्राविधिक प्रस्ताव तथा आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ ।प्राविधिक प्रस्तावको मुल्याङ्कन प्रथम पटक सूचना प्रकाशित भएको मितिले ११ (एघार)औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा गरिनेछ । प्राविधिक मुल्याङ्कनमा सफल भएका प्रस्तावकर्ताहरुलाइ मात्र आर्थिक मुल्याङ्कनमा समावेस गरिनेछ ।

३। दरभाउ पत्र फारमहरुको हकमा सोको महलहरुको स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १० (दश) औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउ पत्र दर्ता गराउन सकिने छ । र ११ (एघार)औं दिनमा दरभाउपत्र खोलिने छ ।

४। प्राप्त प्रस्ताव तथा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका प्रस्ताव तथा दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

५। प्रस्ताव तथा दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु कार्यालयल तोकेबमोजिम हुनेछन ।

६। अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधनसहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

७। अन्य थप केही कुराहरु बुझ्नु परेमा गंगादेव कार्यालयमा कार्यालय समयभित्र कार्यालय फोन. नं ९८२९५०९२४५ मा सम्पर्क गर्न सकिने छ ।

| ठेका नं. | विवरण | आवश्यकसंख्या | प्रस्ताव तथा दरभाउपत्रको किसीम | कैफियत |
|---|---|---|---|---|
| २१/०७५/०७६ | विद्युत वाईरिङ तालिम (४५ दिने ) | ३० जनालाई | आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने | |
| २२/०७५/०७६ | वेसिक प्लम्वर तालिम (३० दिने) | २१ जनालाई | आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने | |
| २३/०७५/०७६ | वेसिक ड्राइभिङ तालिम (चार पाङ्ग्रे) | १४ जनालाई | आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने | |
| २४/०७५/०७६ | सिलाईकटाइ तालिम(३ महिने) | २८ जनालाई | आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने | |
| २५/०७५/०७६ | गाउँपालिकाको आवधिक योजना निर्माण | १ वटा | आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने | |
| २६/०७५/०७६ | औषधी आपुर्ती | आवश्यकताअनुसार | दरभाउपत्र पेश गर्ने | |

नोटःगाउँपालिकालाई आपुर्ती गर्नु पर्ने औषधीको प्रकार र स्पेशिफिकेशन गाउँपालिकाको वेवसाइट www.sukidahamun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

सिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत